नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(.....................अनुमतिपत्र महाशाखा.....................)

फोन नं. ४४७४८५२, ४४८०२७६, ४४७८०८५, ४४८०३२६, ४४८०४२५, ४४९६८००, ४४८१६१४, ४४७६१९०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७५/७६
च.नं.:- ५४

मिति: २०७५/०४/१४

विषयः- क्सुम्ती खोला साना ज.वि.आ.को विद्युत उत्पादनको जानकारी स्वीकृतिको दरखास्त सम्बन्धमा ।

श्री हेलम्बु कन्स्ट्रक्सन कम्पनी प्रा. लि.
जोरपाटी, काठमाडौं, नेपाल ।
फोन नः ९७७-१-४९११८५१

प्रस्तुत विषयमा क्सुम्ती खोला साना ज.वि.आ.को विद्युत उत्पादनको जानकारी स्वीकृतिको दरखास्त उपर कारवाही हुँदा निम्नानुसार नपुग कागजात/विवरणहरु १५ (पन्ध्र) दिन भित्र पेश गर्नुहुन विभागको मिति २०७५/०४/०६को निर्णयानुसार अनुरोध गरिन्छ ।

नपुग कागजात/विवरणहरुः

१. आयोजनाको अध्ययन प्रतिवेदनको Design Drawing र soft copy (pendrive or CD)

२. कम्पनीको प्रबन्ध पत्रमा उदेश्य विद्युत आयोजना निर्माण गरी विद्युत उत्पादन प्रसारण गर्ने उल्लेख नभएकाले सो थप गरी संसोधित प्रबन्ध पत्र

३. निर्माण कार्य तालिका (Construction Schedule)

४. आवश्यक पर्ने खण्डमा स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन

५. कम्पनी रजिस्ट्रारको कार्यालयबाट जारी गरिने कम्पनी अद्यावधिक भएको पत्र

६. कंपनीको अद्यावधिक शेयर लगत अभिलेख र सोको soft copy (scanned वा /image file मान्य नहुने)

७. अघिल्ला दुई आ.व.मध्ये कम्तिमा एक आ.व.को कर चुक्ता प्रमाणपत्र वा दाखिला गरेको प्रमाण

८. जलविद्युत आयोजना निर्माण गरी विद्युत उत्पादन गर्ने उदेश्य भएको उद्योग दर्ताको प्रमाणपत्र

९. सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारीनामा,पत्राचार गर्ने स्पष्ट ठेगाना(पोष्ट बक्स नं. र ईमेलसहित) र अख्तियारी प्राप्त व्यक्तिको परिचय-पत्र एवं सम्पर्क नंबर

१०. परियोजनाको लागि स्थायी वा अस्थायी तबरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत

११. आयोजनामा हुने स्वपूंजी र ऋणको अनुपात खुल्ने जानकारी

१२. कम्तिमा अघिल्ला दुई आर्थिक वर्षमध्ये एक आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण

१३. आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth तथा आवश्यकतानुसार तल उल्लेखित विवरण

क) आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच भएको सम्झौता

ख) कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता

१४. शेयर पूँजीमा लगानी गर्ने प्रतिबद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि

१५. प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु पर्ने

(सकृय न्यौपाने)
इन्जिनियर